आज मिति २०८२ साल वैसाख १९ गते तदनुसार ( May 2, 2025) शुक्रबार मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा गाउँपालिकाको सभाहलमा गाउँ कार्यपालिकाको वैठक वसी निम्न उपस्थितिमा तपसिल वमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| श्री आश्राचन राई | उपाध्यक्ष | |
| श्री राज कुमार रुम्दाली | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राममणी राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री जितेन्द्र राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री विष्णु बहादुर तामाङ्ग | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राम कुमार राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री हेमराज राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु प्रसाद गौतम | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री भीम वहादुर बलम्पाकी मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री पूर्ण बहादुर मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| श्री गोमा कुमारी बि.क. | कार्यपालिका सदस्य | |
| श्री वाल कुमारी पुलामी | कार्यपालिका सदस्य | |
| श्री विमला के.शी. | कार्यपालिका सदस्य | |
| श्री युवराज नेपाली | कार्यपालिका सदस्य | |
| श्री भोगवहादुर राई | प्र.प्र.अ./ सचिव | |
| कार्यवाहक : | | |
| श्री गायत्री प्रसाद दाहाल | ६ नं. वडा कार्यबाहक अध्यक्ष | उपस्थित |
| श्री दिपकराज पोखरेल | ५ नं. वडा कार्यबाहक अध्यक्ष | उपस्थित |
| श्री दिल कुमारी थापा | ९ नं. वडा कार्यवाहक अध्यक्ष | उपस्थित |

CamScanner

...साल वैशाख १९ गते तदनुसार May 2, 2025 शुक्रबार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. प्रदेश समपूरक कार्यक्रम/आयोजना पेश गर्ने सम्बन्धमा।

२. शिक्षा समितिको निर्णय अनुमोदन तथा खर्च सम्बन्धमा ।

३. कार्यक्रमको स्रोत सुनिश्चतता सम्बन्धमा ।

४. विद्यालय भवनको शिलान्यास सम्बन्धमा ।

५. गाउँपालिका लेटरहेड तथा छाप स्वीकृत गर्ने तथा लागू गर्ने सम्बन्धमा ।

६. ऋण मिनाहा गरी जग्गा फुकुवा गर्ने सम्बन्धमा

७. आर्थिक सहायता सम्बन्धमा

८. अपुग खर्चको रकम व्यवस्था सम्बन्धमा

९. ल्याबटेष्ट तथा रेट्रोफिटिङ सम्बन्धमा

१०. अग्रिम आयकरको इटिडियस सम्बन्धमा

११. वडा कार्यालय भवन हस्तान्तरण लिने सम्बन्धमा ।

१२. सडक बोर्डसँग साझेदारीको आयोजनाको स्रोत सुनिश्चतता सम्बन्धमा ।

बैठकका निर्णयहरु:

र्णय नं.-१: आगामी आर्थिक वर्ष २०८२/८३ को लागि कोशी प्रदेश समपूरक अनुदानबाट सञ्चालन हुने तपसिलमा उल्लिखित चालु आवमा सञ्चालित साविक आयोजना नै स्वीकृत गरी कोशी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

साथै उक्त आयोजनाहरुको लागि आगामी आर्थिक वर्षको लागि गाउँपालिकाले वेहोर्नुपर्ने आवश्यक बजेटको समेत स्रोत सुनिश्चितता गर्ने निर्णय गरियो ।

क. दुधकोशी हिलेपानी लिफ्टिङ खानेपानी अधुरो

ख. पंखुखोला मोली खानेपानी लिफ्टिङ खानेपानी अधुरो

निर्णय नं.२ मानेभन्ज्याङ गाउँपालिकालाई चालु आव २०८१/८२ मा संघीय सरकारद्वार शिक्षामा पहुँच, समावेशीकरण र गुणस्तर सुधार कार्यक्रम शिर्षकमा प्राप्त विशेष अनुदानको रकम रु. २,८८,००,०००/- र गाउँपालिकाले थप रु. २६,०००/- गरी जम्मा रु-२,८५,२६,०००/- शिक्षा समितिको मिति २०८१/९/१० गते गरेको निर्णयलाई सशोधन गर्ने मिति २०८२/१/१७ को निर्णयलाई आजको वैठकले सम्मत अनुमोदन गर्ने निर्णय गरी अनुदान खर्च सम्वन्धमा तपसिल वमोजिम गर्ने निर्णय गरियो ।

तपसिलः

क. स्मार्टवोर्ड तथा मेशिनरी सामान खरिद, कक्षा कोठा कार्पेटिङ तथा फर्निसिङ लगायतको काम प्रचलित कानुन अनुसार खरिद गर्ने,

ख. सामुदायिक विद्यालयहरुलाई विद्यालयको भौतिक पूर्वाधार निर्माण तर्फको दिइएको वजेट रकम ईविड मार्फत प्रचलित खरिद विधिवाट कार्यन्वायन गर्ने,

निर्णय नं.३ यस गाउँपालिकाको आवधिक योजना निर्माणको लागि प्रदेश सरकारवाट प्राप्त अनुदानवाट आवधिक योजना निर्माण हुने तर आवधिक योजनासँगै चालु आवभित्रै मध्यमकालीन खर्च संरचना समेत निर्माण गर्नुपर्ने आवश्यकता रहेकाले चालु आवमा मध्यमकालीन खर्च संरचना निर्माणका लागि आवश्यक परामर्श सेवा लिन वजेट विनियोजन नगरिएकोले आगामी आर्थिक वर्षको वजेटमा उक्त कार्यको लागि आवश्यक स्रोत सुनिश्चतता गर्ने निर्णय गरियो । साथै चालु आवमा विनियोजित वजेट जग्गा वर्गीकरणको लागि विनियोजित रकम अपुग रहेकोले चालु आवभित्र उक्त कार्य सम्पन्न गर्ने र अपुग वजेटको आगामी आर्थिक वर्षको वजेटमा स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.४ नेपाल सरकार पराराष्ट्र मन्त्रालय, भारतीय राजदुतावास र मानेभन्ज्याङ गाउँपालिकावीचको लागत सझेदारीमा निर्माण हुन लागेको यसै गाउँपालिकाको वडा नं. ७ स्थित श्री स्वार्णान्तराल आधारभूत विद्यालयको भवन निर्माण कार्यको सिलान्यास मिति २०८२/०१/२७ गते संघीय सरकार राज्य व्यवस्था तथ सुशासन समितिका सभापति माननीय श्री रामहरि खतिवडाज्यूको प्रमुख आतिथ्यमा तथा नेपाल स्थित भारतीय राजदुतावासको प्रतिनिधिको विशिष्ट आतिथ्यमा गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.५ गाउँ कार्यापालिका तथा अन्तर्गतका कार्यालय/शाखाहरुको लेटरहेड तथा कार्यालयको नामको छापहरुमा एकरुपता कायम गर्ने उद्देश्यले गाउँपालिकाको अनुसूचीमा संलग्न नमूना लेटर हेडहरु तथा कार्यालय तथा अन्तर्गतक कार्यालयहरुको छापहरु आधिकारिक रुपमा प्रयोगमा ल्याउने निर्णय गरियो ।

निर्णय नं.६ जिल्ला समन्वय समितिको कार्यालय ओखलढुङ्गाको च.नं.१२० मिति २०७८/१२/०१ गतेको पत्र तथा २०७८ पुस ६ र ७ गते वसेको जिल्ला सभाको निर्णयानुसार साविक जिल्ला विकास समिति अन्तर्गत रहेको स्थानीय विकास कोषमा रहेको रकमवाट द्वन्दको कारण विस्थापित भएका व्यक्तिहरूलाई अचल सम्पत्ति (जग्गा)

धितो तथा रोक्का राखी उपलब्ध गरिएको ऋणको ब्याज मिनाहा गरी साँवा रकम असुल उपर गरी अचल सम्पत्ति फुकुवा सम्बन्धित स्थानीय तहले गर्ने निर्णय भएबमोजिम ओखलढुङ्गा जिल्ला मानेभन्ज्याङ गाउँपालिका वडा नं. ७ निवासी टेकनाथ पहाडीको छोरी ना.प्र.नं.४३०८३ भएका गिता कुमारी पहाडीले मिति २०८२/०१/१० गते यस कार्यालयमा दिनुभएको निवेदनमा द्वन्दको कारण विस्थापित भएको समयमा साविक जिल्ला विकास समिति अन्तर्गत रहेको स्थानीय विकास कोषवाट सिन्धुली जिल्ला सविक पोखरी गा.वि.स. वडा नं. ६ मा रहेको कित्ता नं. ९७ क्षेत्रफल १-८-०-० को जग्गा धितो राखी लिएको ऋण आवश्यक प्रकृया पुरा गरी उक्त रोक्का गरिएको जग्गा फुकुवा गरीदिनुहुन भनि लिखित अनुरोध भएबमोजिम यस गाउँपालिका अन्तर्गतका द्वन्दबाट विस्थापितभई साविक जिल्ला विकास समिति अन्तर्गत रहेको कोषबाट प्रवाह गरिएको ऋण गिता कुमारी पहाडीको साँवा र ब्याज दुवै मिनाहां गरी अचल सम्पत्ति कित्ता नं. ९७ क्षेत्रफल १-८-०-० को जग्गा फुकुवा गर्न सम्वन्धित निकायमा सिफारिस/पत्राचार गर्ने ।

निर्णय नं. ७ यस गाउँपालिकाभित्र आयोजित तपसिलमा उल्लेखित कार्यक्रमको लागि तथा दीरघरोगी विरामीलाई तपसिलमा उल्लिखित रकम आर्थिक सहायता रकम गाउँपालिकावाट चालु आवमा विनियोजित अन्य सामाजिक सहायता रकमबाट भुक्तानी गर्ने निर्णय गरियो

तपसिलः

क. आदिवासी युवा महासंघ राष्ट्रिय सम्मेलन रु. ३५,०००/-

ख. किरात राई साँस्कृतिक कलाकार संघ रु. ३०,०००/-

ग. किरात राष्ट्रिय मुक्ति मोर्चा नेपाल सम्मेलन रु. १०,०००/-

घ. केत्तुके फुड फेस्टवल (मेला आयोजक समिति)-२०८२ रु. ४०,०००/-

ङ. नरवहादुर कार्की (फोक्सोको विरामी) रु- १०,०००/-

निर्णय नं. : ८ जिल्लास्तरीय राष्ट्रपति खेलकुद प्रतियोगिताको लागि विनियोजित वजेट रकम रु. ५,५०,०००/- बाट उक्त विभिन्न खेलकुद प्रतियोगितामा सहभागी हुँदा केही रकम अपुग हुने देखिएकोले उक्त रकम विभिन्न खेलकुद सहभागी वजेट शिर्षकबाट भुक्तानी गर्ने गर्ने निर्णय गरियो ।

निर्णय नं.९ मोलुङ खोला लिफ्टिङ खानेपानी योजनाको टयींकी निर्णमाणको ल्याव परिक्षण रिपोर्ट केन्द्रिय प्रयोगशालावाट प्राप्त भएकोले उक्त रिपोर्टको आधारमा ल्याव परिक्षण फेल भएकोलाई भत्काएर पुननिर्माण गर्ने तथा रेट्रोफिटिङ हर्न मिल्नेको हकमा परामर्शदाताको डिजाईन/रायसुझावको आधारमा रेट्रोफिटिङ गरी निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं.१० मोलुङ खोला वालेथुम्का लिफ्टिङ खानेपानी आयोजनाको आर्थिक वर्ष २०७९/८० को रनिङ विलमा अग्रिय कट्टा गरिएको आयकर ठेकेदार कम्पनी खानी स्वामिनाराण जेभीको नाममा जम्मा नभएको

CamScanner

(इटिडिएस) नभएकोले गराई पाउँ भन्ने वेहोराको मिति २०८२/१/१९ को टिडिएस दाखिला गरिदिने सम्बन्धी निवेदन अनुसार आर्थिक प्रशासन शाखाले उक्त सम्बन्धमा के/कसो भएको हो एकीन गरी जम्मा गर्नुपर्ने भएमा चालु आर्थिक वर्षको गत आवको दायित्व बाँकी वजेट शिर्षकवाट निज ठेकेदारको पान नम्बरमा जम्मा गरिदिने निर्णय गरियो ।

निर्णय नं. ११ गत आर्थिक वर्षको वडा न. १,२,६ र ८ वडा कार्यालय ठेक्काको ठेकेदार फर्म सपनावती निर्माण सेवाको म्याद मिति २०८१/४/३० को कार्यपालिका निर्णायनुसार मिति २०८१/६/३० उक्त ठेक्काको म्याद थपिएको र अविरल वर्षा वाढी पहिरोको प्राकृतिक विपत्तको कारण थपिएको म्यादभित्र काम सम्पन्न हुन नसकेको तथा मिति २०८१ /६/२८ मा म्याद थपको निवेदन पेश गरेको र मिति २०८१/९/२८ मा काम सम्पन्न गरी भुक्तानी लागि निवेदन दिएकोमा म्याद सकिएको मिति देखि अन्तिम बिल भुक्तानीको निवेदन दिएको मितिसम्मको प्रचलित कानुन बमोजिम लाग्ने हर्जना छुट गर्ने निर्णय गरियो ।

निर्णय नं.१२ सडक वोर्डसँगको सझेदारीमा चालु आवमा सडक वोर्डसँग प्रस्ताव गरिएको हर्कपुर सातसल्ले सडक मर्मत योजनाको लागि पालिकाले वेहोर्नुपर्न साझेदारी रकम गाउँपालिकाको कन्टिन्जेन्सीवाट स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।